# गढवा गाउँपालिका

गढवा देउखुरी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

# गाउँसभाको सत्रौं अधिवेशन

आ.व. २०८२/०८३ को

नीति तथा कार्यक्रम

२०८२ असार ०२ गते

# गढवा गाउँपालिकाको नीति तथा कार्यक्रम २०८२ असार ०२ गते

गढवा गाउँपालिकाको सत्रौं गाउँ सभाको गरिमामय सदनमा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यू,
गाउँसभाका सचिव ज्यू,
गाउँसभाका सदस्य ज्यूहरु
एवं राष्ट्रसेवक कर्मचारीहरु

गढवा गाउँपालिकाको यस सत्रौं गरिमामय सभामा गाउँपालिका आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले गौरव महशुस गरिरहेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण महानुभावहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

यस अवसरमा विभिन्न समयमा भएका जनयुद्ध तथा जनआन्दोलन लगायत सबै प्रकारका आन्दोलन, त्यसमा भएको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताका निम्ति जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। संघर्षको दौरानमा घाइते, अपाङ्ग, सहिद परिवार, बेपत्ता नागरिक र उहाँहरुका परिवार प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान, सोहौं आवधिक योजना, दिगो विकासका लक्ष्य एवम् संघ तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, सुन्दर, समुन्नत र समृद्ध गढवा निर्माण गर्ने हाम्रो संकल्प, समस्त गढवावासीको विकास र समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा आदरणिय मतदाताहरु माझ गरेका प्रतिवद्धताहरु पुरा गर्ने दिशामा आगामी आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी सुशासन, सामाजिक न्याय, समावेशी, जलवायु उत्थानशील तथा दिगो आर्थिक विकास मार्फत समृद्ध गढवा गाउँपालिका, सुखी जनताको लक्ष्य हासिल गर्न हाम्रा नीति तथा कार्यक्रमहरु लक्षित हुनेछन ।

गढवाको समग्र विकास, आत्मनिर्भरता, समाजवाद उन्मुख अर्थतन्त्र, सुन्दर र नमूना गाउँपालिका बनाउने लक्ष्य तर्फ यो नीति तथा कार्यक्रमले दिशावोध गर्ने विश्वास लिएको छु । गढवा गाउँपालिकालाई उत्कृष्ट गाउँपालिकाको रुपमा स्थापित गर्ने, सुकुम्वासी तथा भूमिहिन, मुक्त कमैया र अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध ढङ्गले गाउँपालिकाको विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

नेपालले जनसांख्यिक लाभ लिंदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन करिब २ हजार युवाहरू रोजगारीको खोजीमा विदेसिनु पर्ने भयावह अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ ।आन्तरिक र बाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारीहरु बाँझो रहन थालेका छन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासिल गर्नुपर्ने छ। यसका लागि हाम्रो गाउँपालिकामा आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रबाहलाई थप प्रभावकारी बनाई जनमानसमा सुशासनको अनुभूति गराउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सेवा प्रवाहलाई व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिएको छ ।

## अवसर तथा चुनौतीहरु :

### अवसरहरू-

१ संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान भई सो क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अधिकार र अभ्यास हुनु ।
२ विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार हुनु।
३ सबै वडामा सडक पूर्वाधारको पहुँच र सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुन सहज हुनु।
४ समतल क्षेत्रमा खेति योग्य तथा उब्जनी योग्य जमिनको प्रचुरता हुनु साथै चुरे क्षेत्रको आसपासका बस्तीहरु पशुपालनका लागि योग्य हुनु ।

### विद्यमान चुनौतीहरूः हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन ।

१ युवालाई रोजगारमुलक र सीपमूलक शिक्षा प्रदान गर्न र वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुंजीलाइ उद्यम विकासमा उपयोग गर्न।
२ कृषि उपजको बजारीकरण, उचित मुल्य स्थापित गर्न र बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउन ।

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

३ गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराई युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गरि व्यावसायिक कृषकको संख्या वृद्धि गर्न।

४ सडक लगायतका पूर्वाधारको उपयोग योजना, विस्तृत अध्ययन प्रतिवेदन, डिजाइन तथा ड्रईङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्न र निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्न ।

५ अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्न तथा व्यवस्थित बस्ति विकास गर्न।

६ वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्न।

७ प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा, बालुवा, गिट्टी) को मापदण्ड अबलम्बन गरि चोरी निकासी रोक्न।

८ विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्न, मुल्यांकन गर्न तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्न ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू:

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

नेपालको संविधान, सोह्रौं आवधिक योजना, दिगो विकास लक्ष्य अन्तर्गत २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्चको संरचना र गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

<u>गाउँ सभाका सदस्यज्यूहरु,</u>

अब म आ. व. २०८२/०८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

## १. सामाजिक विकास सम्बन्धी

### क. शिक्षा

१. सामुदायिक विद्यालयहरुमा बर्षेनी विद्यार्थी संख्या घट्दै गइरहेको हुँदा त्यसलाई न्यूनीकरण गर्दै विद्यार्थी संख्या बढाउन सम्पूर्ण शैक्षिक सरोकारवालाहरुको उपस्थितिमा वृहत रुपमा विद्यार्थी भर्ना अभियान कार्यक्रम संचालन गरिने छ ।

२. बाल शिक्षा, आधारभूत शिक्षा र माध्यामिक शिक्षालाई थप जीवन उपयोगी र व्यावसायिक बनाउने साथै माध्यामिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुन सक्ने जनशक्ति तयार गर्ने नीति लिइने छ ।

३. न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई नजिकको विद्यालयमा समायोजन तथा तह घटुवा गरी व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

४. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप विकास, शिक्षण कला, क्षमता विकासको व्यवस्था मिलाइने छ ।

५. शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक शिक्षा, शिक्षक विद्यार्थी उत्प्रेरणा, अक्षर सुधार, टयसुन, कोचिङ जस्ता कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखी निरन्तरता दिइने छ । साथै शैक्षिक सत्र २०८२ मा आधारभूत तह कक्षा ५ को अन्तिम परीक्षा पालिका स्तरीय गरिने छ ।

६. विद्यार्थीहरुका लागि लागू औषध दुव्यासनी, बालविवाह, मोबाइल एडिक्सन जस्ता समस्याहरुको न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

७. शैक्षिक गुणस्तर सुधारका लागि आधारभूत तथा माध्यामिक तहमा अध्ययनरत विद्यार्थिहरुको स्तर परीक्षण गरी थप सहायता प्रदानको व्यवस्था मिलाइने छ । साथै उक्त नतिजा विद्यालयले अनिवार्य रुपमा EMIS SOFTWARE प्रविष्ट गर्नुपर्ने व्यवस्था गरिनेछ ।

८. विद्यालयमा न्यूनतम आधारभूत आवश्यकताहरु (स्वच्छ पिउने पानी, शौचालय, फर्निचर, खेल सामग्री) को उचित व्यवस्थापन गरिनेछ ।

९. विद्यालयको आवश्यकता, भौगोलिक दुरी र सेवा क्षेत्रको मूल्याङ्कन गरी विद्यार्थीहरुको सहजताको लागि स्कुल बसको व्यवस्था मिलाइने छ ।

१०. उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थिहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

११. दलित, अति विपन्न, लोपोन्मुख समुदायका विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिने छ ।

१२. सामुदायिक विद्यालयहरुका लागि दैनिक कार्य संचालन तथा व्यवस्थापनको लागि विद्यालयको क्षमता र आवश्यकताका आधारमा मसलन्द खर्च अनुदानको व्यवस्था मिलाइने छ ।

१३. स्वच्छ सफा र हरित विद्यालय प्रवर्धन कार्यक्रम संचालन गरिने छ ।

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

१४. शिक्षक र विद्यालयहरुको कार्यसम्पाद मूल्याङ्कन गरी उचित पुरस्कारको व्यवस्था मिलाइने छ ।

१५. शैक्षिक संरचनाहरु निर्माणको क्रममा नै वालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक मैत्री बनाउने नीति लिइने छ ।

१६. गाउँपालिकाको क्षेत्र भित्रका बालवालिकाको संलग्नता हुने गरि बाल क्लबहरु गठन र संचालन गर्ने नीति लिइने छ ।

१७. घर देखि विद्यालयसम्मको दुरी १ घण्टा भन्दा बढी भएका, भौगोलिक विकटताका कारण विद्यालय छोड्न सक्ने सम्भावना भएका, असाहय, फरक क्षमता भएका विद्यार्थीहरुका लागि जनता मा.वि. कालाकाटेलाई आवासिय विद्यालयको रुपमा विकास गरिने छ ।

१८. गाउँपालिकामा अग्रणी विद्यालय छनौट गरी श्रोत विद्यालयको रुपमा विकास गरिने छ ।

१९. धार्मिक विद्यालयहरुलाई संरक्षण गरिने छ ।

२०. माध्यामिक तह तथा आधारभूत तह (६-८) मा विषयगत शिक्षकको व्यवस्थापन तथा दरबन्दि मिलानलाई निरन्तरता दिइने छ ।

२१. विद्यालय शिक्षामा विद्यार्थी मैत्री तथा गर्दै सिक्दै गर्ने परम्पराको विकास गर्ने प्रयोगात्मक शिक्षामा जोड दिइने छ ।

२२. शुक्रबारलाई नविनतम सिप सिक्ने, सृजनात्मक ज्ञानको विकास गर्ने बारको रुपमा संचालन गर्ने नीति लिईनेछ ।

२३. आधा समय पालिकालाई आधा समय बालबालिकालाई भन्ने नीति अन्तर्गत पालिकाका सबै जनप्रतिनिधिहरु विद्यालयमा परिचालन हुने व्यवस्था मिलाईनेछ ।

२४. विद्यालयहरुको अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईने छ । विद्यालयको नियमित अनुगमन गर्नका लागि निरिक्षकको प्रबन्ध गरिने छ ।

## ख. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. पालिका स्तरीय खेलकुद प्रतियोगितालाई व्यवस्थित अनुशासित तरिकाले सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

२. अन्तरविद्यालय स्तरीय खेलकुद तथा रनिङ्ग शिल्ड प्रतियोगितालाई निरन्तरता दिइने छ ।

३. जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा छनोट भएका खेलाडिहरुलाई क्लोज क्याम्पको व्यवस्था मिलाई पूर्व तयारी गराइने छ ।

४. युवा उद्यमशीलता कार्यक्रमलाई प्राथमिकता साथ अगाडी बढाइने छ ।

५. युवालाई दुव्यावसनीबाट मुक्त गर्न पुनर्स्थापना केन्द्र स्थापना गरि संचालन गरिने छ ।

६. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको ज्ञान सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलताको विकासमा जोड दिइने छ ।

७. एक वडा एक व्यायमशालालाई प्राथमिकता दिई स्वास्थ नागरिक अभियान संचालन गरिनेछ ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

८. गढवा गाउँपालिका भित्रका खेलकुद पूर्वाधार मर्मत सुधार तथा नयाँ खेलकुद स्थलको निर्माणलाई प्राथमिकता दिइने छ ।
९. बहुउद्धेश्यीय कभर्ड हल निर्माण कार्यलाई सम्पन्न गरि प्रयोगमा ल्याईने छ ।
१०. खेल क्षेत्रको योजनाबद्ध विकासका लागि विभिन्न योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिने छ ।
११. एक वडा एक खेलकुद मैदान निर्माण गरिने छ ।

## ग) भाषा सस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. पालिका भित्रका विभिन्न भाषा, कला, संस्कृति, भेषभूषाको संरक्षण तथा सम्बर्द्धनमा जोड दिइनेछ ।
२. परम्परागत रुपमा भाषा, कला, संस्कृति तथा भेषभूषाको खोज, अनुसन्धान गरिने छ ।
३. साहित्य, कला, संस्कृति, भाषा तथा भेषभुषाको संरक्षण तथा सम्वर्द्धन गर्न गढवा प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ ।
४. लोपोन्मुख कला, संस्कृति, परम्परा र भेषभुषाको संरक्षणका लागि सास्कृतिक संग्रहालय स्थापनामा जोड दिईने छ ।

## घ) श्रम तथा रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

१. बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगार सूचि अध्यावधिक र व्यवस्थित गरिने छ ।
२. पालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिने छ ।
३. स्थानीय स्तरमा रोजगार रणनीति अध्यावधिक गरिने छ साथै रोजगारीको तथ्याङ्क विश्लेषण गरिने छ ।
४. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृति र पुन श्रम स्वीकृतिको कार्यलाई पालिकाको रोजगार केन्द्रबाट सहजिकरण गरिने छ र वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनको लागि जानुपूर्व अभिमुखिकरण तथा आवश्यक कार्यक्रम गरिने छ जसबाट वैदेशिक रोजगारीमा गएका कामदार र उनिहरुको परिवारको अवस्था सुधारमा सहयोग पुग्ने छ ।
५. युवाहरुलाई सीप र श्रोत साधनको उचित प्रबन्ध गरि स्वदेशमै स्वरोजगार बनाउने नीति त्यसलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिने छ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

६. स्थानीय स्तरमा रोजगारीमा प्रर्वद्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइने छ । साथै पालिकामा सूचिकृत बेरोजगार व्यक्तिलाई निजी क्षेत्रहरुमा काम गर्नेको लागि सरोकारवाला तथा रोजगार दातासँग समन्वय तथा सहजिकरण गरिने छ ।

७. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक रुपमा सक्षम बनाउनको लागि पुन एकीकरण कार्यक्रमहरु संचालन गरिने छ ।

८. वैदेशिक रोजगारीमा गएर अङ्गभङ्ग तथा मृत्यु भएका परिवारको लागि वैदेशिक रोजगार वोर्डबाट प्राप्त गर्ने आर्थिक सहायतामा सहजिकरण गरिने छ ।

९. कन्सुलर तथा कानूनी परामर्श सेवाहरु जस्तै खोजतलास र उद्धार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने, क्षतिपूर्तिका लागि निवेदन दिने कार्यहरु रोजगार सेवा केन्द्रबाटै गरिने छ ।

१०. गाउँपालिकालाई बालश्रम मुक्त पालिका निर्माणका लागि अभियान सञ्चालन गरिने छ ।

११. एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० बमोजिम रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम तथा रोजगारी सिर्जनाको लागि आवश्यक बजेट साझेदारी गरिने छ । साथै संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।संघ, प्रदेश र पालिका बीच समन्वय गरी रोजगारमूलक कार्यक्रमहरुमा अपनत्व स्थापित गरिने छ ।

१२. सबै श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन जोड दिईनेछ ।

१३. आप्रवासी कामदार तथा तिनीहरुको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिइने छ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नका लागि लक्षित कार्यक्रम संचालन/समन्वय गरिने छ ।

१४. बैदेशिक रोजगारबाट फर्केका आप्रवासी श्रमिकहरुलाई संगठित गराई उनीहरुमा भएका व्यवसायिक ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने नीति लिईने छ ।

१५. वैदेशिक रोजगारबाट फर्केका व्यक्ति (Returnee Volunteer) परिचालन गरी घरदैलो सम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि सचेतना प्रवाह गरिने छ ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

१६. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको लागि व्यवस्था मिलाइने छ । स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्वन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकीकृत रुपमा प्रवाह गरिने छ ।

१७. रोजगार सेवा केन्द्रसँगको समन्वयमा पुर्वप्रस्थान अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

## ङ) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. **"बालमैत्री स्थानीय शासनः बाल अधिकारको सम्मान"** भन्ने अभियानलाई आत्मसाथ गर्दै बालमैत्री समाज निर्माण गरी बालापन सुरक्षित गर्न वडा स्तरमा कार्यक्रम संचालनलाई निरन्तरता दिई आवश्यक चरणहरु पार गरी बालमैत्री वडाहरु हुँदै बालमैत्री गाउँपालिका घोषणा कार्यलाई निरन्तरता दिइनेछ ।

२. बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, बाल कोष संचालन कार्यविधि र लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि निर्माण कार्य अगाडी बढाइने छ ।

३. बालश्रम रोकी बाल शिक्षामा जोडी उज्वल भविष्य सुनिश्चित गराउँदै आ.व. ०८२/०८३ मा गढवा गाउँपालिकालाई बालश्रम मुक्त पालिका बनाइने छ ।

४. बाल विवाह तथा लागू पदार्थ दुर्यावसन विरुद्धका अभियानहरुमा बाल समुह र बाल संजालहरुलाई जिम्मेवार एवं परिचालन गरी न्यूनीकरणका लागि अग्रसर गराइनेछ ।

५. **"सशक्त महिला, समुन्नत समाज"** भन्ने विषयमा केन्द्रित भई घरेलु काममा मात्रै हैन नेतृत्वमा महिला अधिकारलाई अर्थपूर्ण र समावेशी गराउन महिला लक्षित कार्यक्रमहरुलाई जोड दिइने छ ।

६. लैङ्गिक समानता विकासको मेरुदण्ड भएकाले हिंसा, विभेदलाई निरुत्साहित गर्दै लोप उन्मुख, अल्प संख्यक तथा सिमान्तकृत वर्ग, आदिवासी/जनजाति, मधेशी, मुस्लिम, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र समाजिक बहिष्करणमा परेका समुदायका व्यक्तिहरुलाई स्रोत-साधन र अवसर दिइ विकासको मूलधारमा ल्याउन सशक्तिकरणका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७. हिंसा प्रभावितहरुलाई उद्धार, संरक्षण र पुर्नस्थापनाका गर्न गाउँपालिका भित्र हिंसा पीडित पुर्नस्थापनाका लागि सुरक्षित आवास गृह (सेफ हाउस) संचालनमा ल्याइने छ ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

धन नारायण शर्मा पोखेल
अध्यक्ष

८. महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्प संख्यक समुदायका नागरिकहरुको समविकासका लागि कार्यक्रम संचालनमा जोड दिइने छ ।

९. पालिका भित्र नव निर्माण हुने भौतिक संरचनाहरुलाई मानवमैत्री बनाउन प्राथमिकता दिइने छ ।

१०. गाउँपालिकाको नीति तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटको अवस्था परीक्षणको व्यवस्था मिलाइने छ ।

११. "ज्येष्ठ नागरिकको सेवा, पालिकाको प्रतिबद्धता" कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरुलाई सामुदायिक, साँस्कृतिक र मनोवैज्ञानिक परामर्श कार्यक्रमहरु संचालन गरिने छ ।

१२. बाल कोष र लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी संचालनमा ल्याइने छ ।

१३. हिंसा होइन, सम्मान र समानताका लागि हिंसा पिडित व्यक्तहरुलाई मानसिक तनाब व्यवस्थापनमा सघाउ पुर्याउन मनोविमर्श कार्यक्रम संचालन गरिने छ ।

१४. संवेदनशील वर्गको संरक्षणले समुन्त समाजको निर्माणमा सघाउने हुँदा असक्त, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुलाई आवश्यकता अनुसार दैनिक आवागमनमा सहजताका लागि आवश्यक सहायता सामग्रीहरु सम्बन्धी कार्यक्रममा जोड दिइने छ ।

१५. सम्पूर्ण वडा कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गरिने छ ।

१६. सहिद, बेपत्ता परिवार तथा घाइते, अपाङ्गहरुलाई जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिने छ ।

१७. लक्षित वर्गलाई सिपमूलक तथा आय आर्जनमा टेवा पुर्याई व्यवसायिक बन्न उद्यमशील कार्यक्रम सञ्चालन गरिने छ ।

१८. परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिने छ ।

१९. दलित, मुक्तक कमैया-कम्लहरी, आदिबासी जनजाती, अल्पसंख्यक समुदायको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुग्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. मुक्त कमैया-कम्लहरीको लगत लिई कमैया पहिचान पत्र वितरणको व्यवस्था मिलाईने छ ।

### छ) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. ६० बर्ष पुरा भएका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई मौद्रिक सम्मान सहितको अवकाशको कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२. गढवा गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकीबाट एम.बि.बि.एस. डाक्टरद्वारा सेवा दिनुको साथै २४ सौं घण्टा ईमरजेन्सी सेवालाई निरन्तरता दिईने छ ।

३. गढवा स्वास्थ्य चौकिमा संचालित २४ घण्टे आकस्मिक सेवालाई थप प्रभावकारी बनाईनेछ ।

गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

४. हाल निर्माणाधिन १५ शैय्याको अस्पताल निर्माणको कार्यलाई तिव्रता दिई आ.व. २०८२/०८३ भित्र संचालनमा ल्याईनेछ ।

५. पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई eHMIS सम्बन्धी तालिम संचालन गरि बाँकी रहेका ८ वटा स्वास्थ्य संस्था आ.व. ०८२/०८३ देखि eHMIS संचालन गरिने छ ।

६. क्षयरोग मुक्त नेपाल अभियानलाई निरन्तरता दिईने छ ।

७. गढवा गाउँपालिका अन्र्तगत रहेका सबै स्वास्थ्य संस्थाहरुबाट क्रमश प्रयोगशाला सेवा संचालन गरिनेछ।

८. सुत्केरी स्याहार प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

९. गाउँपालिका अन्तर्गत दुरदराजमा रहेका र ३० मिनेटको दुरीमा स्वास्थ्य संस्था नभएका बस्ति तथा नाका क्षेत्रमा कर्मचारीहरुको व्यवस्थापन गरि स्वास्थ्य सेवा सुचारु गरिने छ ।

१०. गाउँपालिका अन्तर्गतका वडाहरुलाई जिरो होम डेलिभरी गर्दै क्रमागत रुपमा पालिकालाई जिरो होम डेलिभरी कार्यक्रम संचालन गरिने छ ।

११. गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल ,प्राथमिक स्वास्थ्य केन्द्र ,आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम , निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमितबनाइनेछ ।

१२. नागरिकहरुलाई मुटु मृगौला मधुमेह उच्च रक्तचाप स्पाईनल ईन्जुरी जस्ता घातक रोगहरुको निशुल्क जाँच तथा संघ सरकारबाट प्रदान हुने मासिक भत्ता प्रदानका लागि सहजिकरण कार्यलाई निरन्तरता दिईनेछ ।

१३. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

१४. आर्थिक रुपमा अति विपन्न गाउँपालिका बासीहरुलाई अस्पताल ल्याउन लैजान निशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरिने छ ।

१५. गाउँपालिका क्षेत्रभित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण र खेति प्रवर्द्धन गर्न प्रशोधनका कार्यहरु संचालन गरिने छ ।

१६. महिला स्वयं सेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१७. मोतिविन्दु निःशुल्क उपचार, जटिल रोगको पहिचान र निदान, सिक्कलसेल न्यूनिकरण तथा स्क्रिनिङलाई प्राथमिकता दिइनेछ ।

१८. महिला स्वास्थ्य स्वयंसेविका र आमा समुहलाई प्रोत्साहन गरि गाउँगाउँमा स्वास्थ्य सचेतना संवाहकको रुपमा क्रियासिल बनाउन आवस्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

१९. घुम्ति अस्पताल, गाउँघर क्लिनक, घुम्ती शिविर, हल्थ डेस्कका माध्यमबाट स्वास्थ्यको पहुँच विस्तार गरिनेछ ।

२०. गोबरडिहा आयुर्वेद औषधालयको स्तरउन्नती गरि आयुर्वेद, होमियोप्याथी, योग, प्राकृतिक चिकित्सा प्रणाली, अक्यूपन्चर, अक्यूप्रेसर, फिजियोथेरापी आदि उपचार पद्दतिमा जोड दिइनेछ ।

२१. गर्भवति, नवजात शिशु, सुत्केरी, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई घरमै गएर स्वास्थ्य जाँच गर्ने प्रबन्ध मिलाईनेछ ।

२२. कोईलाबासमा रहेको आँखा उपचार केन्द्रलाई व्यवस्थित गरिनेछ ।

२३. स्वास्थ्य सेवा सुधारका लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरिनेछ ।

## ज) पञ्जिकरण तथा सामाजिक सुरक्षा सम्बन्धि नीति तथा कार्यक्रम

१. यस गढवा गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा सेवाग्राहीको वार्षिक रुपमा नविकरण गर्नुपर्ने भएकोले यस आ.व. मा असोज महिना भित्र नविकरण सप्ताहको रुपमा र बैंकको सामाजिक सुरक्षा वितरण प्रक्रियामा वडा तहमा बैंकले वितरण गर्ने व्यवस्थापन गरिनेछ ।

२. स्थानीय सरकारको आम जनमानसमा अनुभूति गराउन गरिब, विपन्न, असहाय वर्गको पहिचानका लागि आवश्यक्ताको पहिचान गरि महसुस हुने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

३. व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि कर्मचारीहरुको क्षमता विकास तथा असल अभ्यास अवलोकन सम्वन्धी क्रियाकलापहरु संचालन गरिने छ ।

४. व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्वन्धि MIS प्रणाली सम्वन्धि पञ्जिकाधिकारी, बैंक तथा सेवाग्राहीमाझ अन्तरक्रियात्मक गोष्ठीहरुको व्यवस्थापन गरिने छ ।

५. व्यक्तिगत घटना तथा समाजिक सुरक्षा सम्बन्धी सूचनाबाट सेवाग्राहीहरु बञ्चित भइरहेको अवस्थामा सूचना तथा प्रचार प्रसारका लागि विभिन्न सञ्चार माध्यमहरुमा स्थानीय स्तरका कार्यक्रमहरु प्रसारण प्रकाशन तथा रेडियो कार्यक्रम सञ्चालन गरिने छ ।

६. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट स्थानीय सरकारको पञ्जिकरण इकाई सञ्चालनमा रहेको जसलाई डिजिटल प्रणालीमा लैजाने थप कार्यहरु गर्नु पर्ने भएकोले यस वर्ष Biometric Verification र National ID अनिवार्य गर्ने भएकोले साथै वडा स्तरमा दुर्गम ठाउँहरुमा घटना दर्ता तथा समाजिक सुरक्षा सम्बन्धी घुम्ती शिविर गरी पूर्ण रुपमा व्यक्तिगत घटना तथा समाजिक सुरक्षा भएको पालिका घोषण गरिने छ ।

गढवा गाउँपालिका
गाउँपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

धन नारायण शर्मा पोखेल
अध्यक्ष

७. व्यक्तिगत घटना सम्बन्धी पञ्जिकरण विभागबाट जारी गरेको नीति नियम अनुसार जन्म दर्ताको प्रतिलिपिमा अत्याधिक समस्या देखिएको कारण विद्यालय तहमा घटना दर्ता सम्बन्धि सहजिकरण गरी समाधान गरिने छ ।

८. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंकहरुले अशक्त र असहायहरुका लागि वडा कार्यालयबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क) कृषि सम्बन्धी नीति तथा कार्यक्रम

**"कृषिमा लगानी दिगोपनमा ध्यान, प्रविधिमा आधारित उत्पादन गढवाको अभियान"**

१. फलफुल तरकारी तथा अन्न बालीहरुको पकेट क्षेत्रहरु पहिचान गरि पर्याप्त पूर्वाधार सहित व्यवसायिक कृषि कार्यक्रम संचालन गरिने छ ।

२. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषिलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिने छ।

३. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/ वर्गिकृत एवम् विस्तृत तथ्याङ्क आधार निर्माण गरिने छ ।

४. दैनिक अपर्याप्त खानाका कारण हुने पिडा तथा समस्यालाई पूर्णरुपमा हटाउन खाद्य सुरक्षाको प्रत्याभूत गराइने छ ।

५. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ।

६. कृषि सम्बन्धी वस्तुस्थिती र पालिकाबाट दिइने कृषि सम्बन्धि सेवा सुविधा, कृषि भूमि तथा किसानको यथार्थ तथ्याङ्क संकलन गरी कृषि प्रोफाइल अद्यावधिक गरिने छ ।

७. पालिकालाई कृषी जन्य उत्पादनमा आत्म निर्भर बनाउन प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

८. बाली बीमा जस्ता जोखिम बहन गर्ने कार्यक्रममा कृषकलाई जोड्न पहल गरिने छ ।

९. माटो परिक्षण मिनि ल्याब संचालन र माटो व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

१०. गरिव र विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वातावरण अनुकुल उत्पादन पद्दतिको अनुशरण तथा दिगो नाफा मूलक उद्यमको रुपमा सुदृढीकरण गरिने छ ।

११. भूउपयोग नीति अनुरुप भूमिको वर्गिकरण गरी खेती योग्य जमिनमा गैर कृषिजन्य गतिविधि गर्न रोक लगाउने साथै कृषि योग्य भूमीलाई बाझो राख्न नपाउने र जमिन भाडामा लिइ खेती गर्ने किसानलाई करार खेती कार्यक्रमका लागी प्रोत्साहित गरिनेछ ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

धम नारायण शर्मा पोखेल
अध्यक्ष

१२. कृषि आधुनिकिकरण र उत्पादकत्व वृद्धि सँगसँगै विषादीजन्य पदार्थको अत्यधिक प्रयोगले मानब जीवनमा पार्ने असर र ती विषादी जन्य उत्पादनलाई विषादी मुक्त सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ साथै जैविक विषादी प्रयोगमा जोड दिइने छ ।

१३. रासायनिक मलको सट्टा प्राडगारिक मलको उत्पादन तथा प्रयोगमा प्रोत्साहित गरिने छ ।

१४. उत्पादनमा प्रोत्साहन, उत्कृष्ट कृषकलाई सम्मान भन्ने नारालाई आत्मसात गरी यस वर्ष कृषि क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइने छ ।

१५. कृषि व्यवसायलाई व्यवसायिक, आधुनिक, र प्रतिस्पर्धात्मक बजारमुखी बनाइने छ ।

१६. कृषि विकासका लागी पालिकाले प्रदान गर्ने अनुदानलाई व्यवस्थित, अनुमानयोग्य र लाभग्राही लक्षित गरिनेछ ।

१७. कृषि व्यवसायको बजारीकरण व्यवस्थित गरिनेछ । त्यसका लागि कृषि उपज संकलन तथा विक्री केन्द्र सहितको कृषि हाट बजार संचालन गरिनेछ ।

१८. माटो सुहाउँदो विशेष एक वडा एक कृषि बाली को नीति लिई कृषि प्रणालीमा सुधार गरिने छ ।

१९. कृषि क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय, सहकार्य तथा साझेदारी गरिने छ ।

२०. आर्यूविद, सौन्दर्यबर्दक, तरकारी तथा फलफूल नर्सरीलाई व्यवस्थित गरिने छ ।

२१. कृषि उपजको बजारीकरण तथा खाद्य बस्तुहरुको उचित भण्डारणका लागि खाद्य भण्डार गृह निर्माण गरिनेछ ।

२२. शित भण्डार निर्माणको कामलाई तिब्रता दिई संचालनमा ल्याईने छ ।

२३. कृषि क्षेत्रमा उत्पादन बृद्धि गर्न साना सिंचाई निर्माण तथा मर्मत संम्भार कार्यक्रम संचालन गरि सिंचाई क्षेत्रलाई विस्तार गरिने छ ।

२४. कृषिमा आधुनिकिकरण गर्न कृषि यन्त्र उपकरणमा कृषि फर्म कृषि समुह र कृषि सहकारीहरुलाई अनुदानको व्यवस्था मिलाईने छ ।

२५. कृषकहरुलाई व्यवसायीकरणमा प्रोत्साहन गर्न कृषि सामाग्रीहरु र उन्नत तथा हाईब्रिड बीउहरु अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

२६. कृषि उत्पादनमा क्षति कम गर्न र माटोको अवस्था सुधार गर्न वडा स्तरीय बालि उपचार शिविर र माटो परिक्षण शिविर कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

२७. नयाँ प्रविधि अनुशरण गराउने उद्देश्यका साथ अगुवा कृषकका लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

२८. विद्यालयहरुमा पोषण सुरक्षाका लागि करेसावारी अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

२९. किसानहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने कार्यको थालनी गरिने छ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## ख) पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी नीति तथा कार्यक्रम

**"पशुपालन गढवा शान, आत्मनिर्भर हाम्रो अभियान"**

१. पशु उपचार सेवालाई प्रत्येक वडामा व्यवस्थित गरी निरन्तरता दिइने छ ।

२. व्यवस्थित सेवा केन्द्र स्थापना सहितको मिनि ल्याव संचालन गर्ने (गोवर, दुध थुनेलो) परीक्षण गर्ने व्यवस्था मिलाइने छ र गाई भैंसीको थुनेलो रोग नियन्त्रण कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

३. स्थानीय स्तरमा पालिएका कुखुरा भालेहरुलाई बधिया बनाई मासुको गुणस्तरमा सुधार ल्याई आयस्तरमा वृद्धि ल्याउने नीति लिइने छ ।

४. चरन तथा अहारा उत्पादनका लागि हिउँदे बर्षे घाँसको वीउ तथा बेर्ना वितरणमा अनुदानको व्यवस्था मिलाइने छ ।

५. गाई भैंसीमा कृत्रिम गर्भधान कार्यक्रम निरन्तरता दिँदै त्यसवाट जन्मेका बच्चा तथा सुत्केरी गाई भैसी स्याहारमा प्रोत्साहन गरिने छ ।

६. रेविज रोग रोकथाम तथा नियन्त्रणका लागि सामुदायिक कुकुरहरुमा खोप संचालन तथा बन्ध्याकरण गरी छाडा कुकुरको संख्या नियन्त्रण गर्ने र उक्त कुकुरहरुबाट मानवमा सर्ने घातक सरुवा रोगको नियन्त्रणलाई बढवा दिइने लक्ष्य लिएको छ ।

७. पशुपन्छी क्षति न्यूनीकरणका लागि पशुपन्छी बीमा नीतिलाई अवलम्बन गरिने छ ।

८. छाडा चौपाया नियन्त्रण तथा स्थानीय जातका गाई संरक्षणका लागि गौशालालाई थप व्यवस्थित गरिनेछ साथै गौशालाबाट भर्मि कम्पोष्ट मल उत्पादन कार्यलाई निरन्तरता दिईनेछ । गौमुत्र प्रशोधन गरि गौशालाको आम्दानी बृद्धि गरिनेछ ।

९. पशुहरुमा लाग्ने माहामारी रोग विरुद्ध (PPR, HSBQ, FMD, RABBIES, SWINE FEVER) प्रत्येक वडाहरुमा संचालन गर्ने लक्ष्य लिइएको छ ।

१०. दलित, अपाङ्ग, पिछडिएका तथा रोजगारी नभएका सिमान्तकृत वर्गहरुलाई आयआर्जनको लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

११. पशु स्वास्थ्य तथा पशु सेवाबाट वञ्चित ग्रामीण क्षेत्रमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ साथै आकस्मिक प्रकोप तथा पशु जन्य माहामरी रोगको नियन्त्रण तथा रोकथामका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१२. दिगो पशुपन्छी तथा मत्स्य व्यवसायका लागि जलवायु मैत्री पशुपालनमा जोड दिई उत्पादनमा वृद्धि गरी मत्स्य तथा पशुपन्छि पालन व्यवसायलाई प्रवर्धन गर्दै स्थानीय स्तरमा मासु तथा अण्डा उत्पादनमा आत्मनिर्भर हुने नीति लीईने छ ।

१३. पशु प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास तालिमको व्यवस्था मिलाइनेछ।

गढवा गाउँपालिका
गाउँपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

१४. जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक कार्यक्रम बनाई मानव स्वास्थ्य संरक्षणमा जोड दिइनेछ ।

१५. अगुवा कृषक अध्ययन भ्रमण, तालिम र उत्कृष्ठ कृषकलाई पुरस्कारको व्यवस्था का साथै किसानहरुलाई सुधारिएको गोठ, मलखाद र पिसाब संकलन गर्ने ट्याङ्की निर्माण गर्न प्रेरित गरिने छ।

## ग) सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी व्यवस्थापनका लागि नियमन कार्यलाई प्रभावकारी बनाइने छ ।
२. संघीय सरकारले कार्यान्वयनमा ल्याइएको कोपोमिस सफ्टवेयरलाई प्रयोगमा ल्याइने छ ।
३. गढवा गाउँपालिका भित्र रहेका सहकारी संस्था तथा सहकारी सन्जालको भूमिकालाई सकृय बनाइने छ।
४. **"समृद्धिका लागि सहकारी"** भन्ने मूल नारालाई आत्मसाथ गरी सहकारी गतिविधिलाई अगाडी बढाइने छ।
५. सहकारी संस्थाहरु एकिकरणका लागि प्रोत्साहन गरिने छ ।
६. वित्तीय साक्षरता कार्यक्रम संचालन गरिने छ ।
७. सहकारी संस्थाहरुको क्षमता विकास, अध्ययन, अवलोकन र उत्पादनको कार्यक्रममा पोत्साहन तथा साझेदारी गरिने छ ।
८. स्थानीय स्तरमा सहकारीका माध्यमबाट समेत उद्योगहरुको स्थापना गर्न र संचालन गर्न प्रोत्साहन गरिने छ ।
९. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।
१०. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विंउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।
११. गाउँपालिका भित्र स्थापना हुने सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
१२. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
१३. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## घ) उद्योग तथा रोजगार तथा पर्यटन

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरि सलीकरण तथा प्रभावकारी बनाईने छ ।

२. गढवा गाउँपालिका वडा नम्बर १ स्थित धोद्रेमा डि.पि.आर. सम्पन्न भएको औद्योगिक ग्राम स्थापनाका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

३. गढवा गाउँपालिका वडा नम्बर १ स्थित टहडा क्षेत्रमा रहेको खाली प्रति जग्गामा अटो भिलेज निर्माण प्रकृयालाई अगाडी बढाईने छ ।

४. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।

५. गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. सेरामिक्स उद्योगहरुलाई प्रविधिमैत्री बनाउदै गढवालाई सेरामिक्स उद्योगको हबको रुपमा विकास गर्ने नीति अनुरुप गढवा गाउँपालिका वडा नम्बर ३ खैरालाई सेरामिक्स ग्रामको रुपमा विकास गरिनेछ ।

७. विभिन्न जातजातिको परम्परागत पर्व नेछ रसंस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरि ,ऐतिहासिक , सांस्कृतिक ,धार्मिक पहिचान अवगत गराउन होमस्टे संचालन गर्ने नीति लिईनेछ।

८. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले वोर्ड राखिनेछ।

९. नदि उकांस जग्गालाई उपयोग गरि बृहत जलाशय क्षेत्र निर्माण गरि पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

१०. कोईलाबासलाई पालिकाको मुख्य पर्यटकीय गन्तव्यको रुपमा स्थापना गरिनेछ ।

११. उद्योग र पर्यटनमा निजि क्षेत्रको सहभागितालाई प्राथमिकता दिने गरि पालिकामा स्थापना भएका विभिन्न घरेलु उद्योग तथा आम उद्योगहरुलाई संरक्षण गरिने छ ।

१२. गढवा गाउँपालिका वडा नम्बर ७ मा रहेको चम्बोला तालको संरक्षण गरि पर्यटन प्रवर्द्धन गरिने छ।

१३. गढवा गाउँपालिकामा रहेका धार्मिक पर्यटन क्षेत्र कन्दरा मन्दिर, बाघनाथ बाबा मन्दिर, राम जानकी मन्दीर लगायतका धार्मिक स्थलहरुको संरक्षण गरिने छ ।

१४. स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन गरिने छ ।

गढवा गाउँकार्यपालिकाको कार्यालय, गढवा, दाङ, लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गाउँ सभाका सदस्यज्यूहरु,

## ३) सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकामा ई- गरर्भनेन्स प्रणालीको विकास गर्न आवश्यक पूर्वाधारहरुको निर्माण गरि प्रभावकारी कार्यान्वयन गरिनेछ । यसका लागि हाल कार्यन्वयन चरणमा रहेका प्रणालीलाई विकास एवं विस्तार गरि लागु गरिनेछ ।

२. सुरक्षालाई मध्येनजर गरि विभिन्न चोक तथा स्थानमा सीसी.टि.भी. क्यामरा जडान गरिने छ ।

३. स्थानीय तहको डिजिटल प्रोफाईल अध्यावधिक गरिने छ ।

४. स्थानीय राजपत्र र पालिका बुलेटिनको प्रकाशनलाई नियमित र व्यवस्थित गर्दै लागिने छ ।

५. स्थानीय पत्रपत्रिका रेडियो टेलिभिजनबाट जनचेतना मूलक संदेश तथा विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिईने छ र लोक कल्याणकारी विज्ञापन वितरण प्रणाली लागु गरिनेछ ।

६. सुचना सम्वन्धि कानून निर्माण गरि कार्यन्वयन गरिने छ।

७. SUTRA प्रणाली मार्फत राजश्वलाई पूर्ण रुपमा अनलाईन प्रणालीमा संचालन गरिने छ ।

८. विभिन्न समयकालमा रहेका कागजात, विभिन्न शाखामा रहेका कागजात, सूचना तथा जानकारीहरुलाई एकै स्थानमा संकलन गरि डिजिटल रुपमा भण्डारण गरिने छ ।

९. कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासको लागि सूचना प्रविधि कार्यक्रम संचालन गरिने छ ।

१०. इन्टरनेट भएको स्थानमा सुधार तथा आवश्यक बमोजिम इन्टरनेट विस्तार गरिने छ ।

११. हेलो सरकार पोर्टल पूर्ण रुपमा लागु गरिने छ ।

१२. पत्रकारहरुको क्षमता अभिबृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।

## ४) उपभोक्ता हित तथा खाद्य सुरक्षा सम्बन्धी

१. उपभोक्ता हित संरक्षण, व्यवसायीको उचित सुरक्षण को नारालाई सार्थक बनाउन सरोकारवाला विभिन्न संघ/संस्थाहरुसँग सहकार्य गर्दै समग्र उपभोक्ता तथा व्यवसायिक अधिकारको समुचित संरक्षण तथा व्यवस्थापनमा ध्यान दिइने छ ।

२. बजारमा मूल्यको सन्तुलन राख्न अनावश्यक मूल्यवृद्धि गरी बजार मूल्यमा एकाधिकार कामय गर्ने प्रवृतिलाई नियन्त्रण गरिने छ ।

३. अखाद्य पदार्थ तथा म्याद गुर्जेका सामाग्रीहरु विक्री वितरणमा पूर्ण रुपमा रोक लगाइने छ र त्यसको लागि सरोकारवाला निकायसँग समन्वयमा बजार अनुगमनलाई तिव्रता दिइने छ ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## ५) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी

### न्यायिक समिति

१. स्थानीय समाधान, न्यायिक समितिको पहिचान भन्ने नारालाई सफल बनाउन न्यायिक समितिमा दर्ता हुन आएका विवाद समाधानमा सहज, सरल, छिटो, छरितो, निश्पक्ष रुपमा सहजिकरण गरी दुवै पक्षलाई जित जितको अनुभूति गराउँदै न्याय सम्पादनमा सहयोग पुर्याउने मेलमिलाप कार्यक्रमलाई दिगो र प्रभावकारी रुपमा व्यवस्थापन गर्दै लगिने छ ।

२. न्यायिक समितिले हिंसा पीडित व्यक्तिलाई मानसिक तनाव व्यवस्थापन गर्न मनोविमर्श कार्यक्रम संचालन गरी सघाउ पुर्याईने छ।

३. लैङ्गिक हिंसा पीडित महिला, अपाङ्गता भएका व्यक्तिहरु, दलित र ज्येष्ठ नागरिकहरुलाई विवादको प्रकृति हेरी प्रदेश र संघीय सरकारसँग समन्वय गरी निशुल्क कानूनी सहायताको प्रवन्ध गरिने छ ।

४. ग्रामीण क्षेत्रमा रहेका नागरिक, विद्यालयमा अध्यनरत विद्यार्थीहरु, सिमान्तकृत समुदाय आदिलाई विवाद समाधान र न्यायमा सबै नागरिकको सहज पहुँचलाई सुनिश्चित गर्न विभिन्न कानूनी सचेतनामुलक अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

५. <u>आगनको सरकारबाट सबैका लागि न्याय</u> भन्ने नारालाई आत्मसाथ गर्न न्यायिक समितिको काम, कर्तव्य र अधिकार बारे समुदाय स्तरसम्म व्यापक जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

६. विपन्न, अशक्त, पहुँच र अवसरबाट बञ्चित भएका वर्गहरुलाई न्यायमा पहुँच पुर्याउने उद्देश्यले न्यायिक घुम्ती शिविर कार्यक्रम संचालन गरिने छ ।

७. सूचिकृत मेलमिलाप कर्ताहरुको कार्यदक्षता थप प्रभावकारी बनाउन मेलमिलाप कर्ताहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

८. लुम्बिनी प्रदेश भित्र रहेका स्थानीय तहका न्यायिक समितिका पदाधिकारी बीच अनुभव आदन प्रदान गर्न अन्तर स्थानीय तह अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

९. लागु औषध दुर्व्यसनी, साईबर अपराध, साईबर सुरक्षा सम्बन्धी कानूनी सचेतनाका कार्यक्रम संचालन गरिने छ ।

## ६) वन, जलवायु परिर्वतन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी

### क. खानेपानी तथा सरसफाई

१. गढवा गाउँपालिकाका सबै घरमा स्वच्छ खानेपानीको पहुँच पुर्याउने नीति लिईने छ ।

२. खानेपानी तथा सरसफाई कार्यकर्ता, मर्मत सम्भार कार्यकर्ता (VMW) तालिमको प्रबन्ध गरिनेछ ।

३. NWASH Data/WASH Plan Update पालिका स्तरीय कार्यक्रम सञ्चालन गरी WASH Plan लाई पूर्णता दिईने छ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

धन नारायण शर्मा पोखेल
अध्यक्ष

४. पालिका भएका खानेपानी योजना उ.स. लाई पालिकामा अनिवार्य दर्ता नविकरण गर्ने प्रकृयामा ल्याई खानेपानी तथा सरसफाई उपभोक्ता समितिको सहकार्यमा पालिकास्तरीय खानेपानी समन्वय समिति गठन गरिने छ ।

५. गाउँपालिकाभर खानेपानीको सुदृढीकरणको लागि पानी परीक्षण LAB को व्यवस्था गरिने छ।

६. पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत विद्यालय WASH कार्यक्रम संचालन गर्न वडा स्तरीय वाश सूचक समूह गठन, परिचालन, तालिम आदि अभियानको रुपमा सञ्चालन गरिने छ ।

७. WASH Data Update को लागि आवश्यक मोबाइल खरिद तथा गणकको व्यवस्था मिलाईने छ ।

८. सामुदायिक वनसँगको साझेदारीमा विभिन्न विकास निर्माणका योजना र आय आर्जनका काम अगाडी बढाईने छ ।

९. कोईलाबास लगायतका सीमा क्षेत्रमा खानेपानीको उचित प्रबन्ध गरिने छ ।

१०. सबै वडाहरुमा जैविक विविधता, जलवायु परिवर्तन र हरियाली प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिने छ ।

## ख) वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) लाई निरन्तरता दिइनेछ।

२. हरियाली प्रबर्द्धन गर्न खाली जग्गामा वृक्षारोपण तथा वनको संरक्षण र क्षमतामा सुधार गरि जल जमिन जंगल तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा बृद्धि गरिने छ ।

३. स्वच्छ गढवा गाउँपालिका स्वस्थ गढवाबासी भन्ने मुल नाराका साथ सरसफाई तथा स्वच्छता सम्बन्धी अभियान संचालन गरिनेछ ।

४. नदि तथा खहरे खोला नियन्त्रण गरि विकासका पूर्वाधारको संरक्षण, पोखरी संरक्षण, पहिरो नियन्त्रण जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा बृद्धि गरिने छ ।

५. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित ,विपद न्यूनीकरण ,र प्रभावकारी वनाइनेछ ।

६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

७. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन भए अनुसार विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।

८. सम्वेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

९. कार्यालयमा एल.इ.ओ.सी को स्थापना गर्ने । आवश्यक जनशक्तिको व्यवस्थापन गरि चौविसै घण्टा आपतकालिन सेवा प्रवाह गरिने छ ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रेम नारायण शर्मा पोखेल
अध्यक्ष

१०. पालिका, वडा तथा समुदाय स्तरमा रहेका विपद प्रतिकार्य समुहहरूलाई नेपाल प्रहरी, शसस्त्र प्रहरी र ने.रे.सो संगको सहकार्यमा पुर्व तयारी तथा क्षमता विकास तालिम संचालन गरिने छ ।

११. विपद प्रतिकार्यको आधार भनेको विपद सम्बन्धी जनचेतना नै भएकोले यस सम्बन्धी समुदाय स्तरमा स्थानिय संचार माद्यमको प्रयोग गरि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ।

१२. बाढि जन्य विपदबाट सुरक्षित रहनको लागि पुर्व सुचना प्रणाली स्थापना गर्ने साथै विपद प्रभावितहरूको लागि एडिबिको सहयोगमा सेल्टर हाउस निर्माण गरि संचालन गरिने छ।

१३. विपद निम्त्याउन सक्ने स्थान, संरचना तया परिस्थितिको पहिचान गरि उत्पन्न हुन सक्ने जोखिम न्युनिकरणको लागि आवश्यक कार्य गर्ने ।

१४. घना वस्तीहरूमा आगलागि नियन्त्रणको लागि फायर हाइड्रेन्ट इन्स्टल गर्ने र एक वडा एक फायर पम्पको व्यवस्थापन गर्ने ।

<u>गाउँ सभाका सदस्यज्यूहरु,</u>

## ७) राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क तथा अन्य करहरु दर्ता र संकलन प्रणालीलाई डिजिटल बनाईने छ ।

२. करको दायरा विस्तार, कर शिविर, कर शिक्षा जस्ता कार्यक्रमबाट गाउँपालिकाको राजश्व बृद्धि गरिने छ साथै कर सम्बन्धि सचेतना मूलक कार्यक्रमहरु (माईकिङ, पम्पलेट, रेडियो, विद्यालय अभिमुखिकरण) संचालन गरिने छ ।

३. नदीजन्य पदार्थ (बालुवा,गिट्टी, ढुङ्गा) संकलन र निष्कासन नियमन गर्दै चोरी निकासीलाई बन्द गरि राजश्व चुहावटलाई न्युनिकरण गरिने छ । साथै क्रसर तथा बालुवा प्रशोधन उद्योगबाट व्यवसाय कर संकलन प्रभावकारी बनाईने छ ।

४. नयाँ व्यवसायहरुको दर्ता र पुराना व्यवसायीहरुको नविकरणलाई अनिवार्य बनाउन करदाता सम्मान कार्यक्रम संचालन गर्ने लगायतका रचनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

५. गढवा भारत सीमाको पुरानो नाकालाई पुनःसवलिकरण गरी पर्यटन प्रवर्द्धन र आयमा बृद्धि गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिने छ ।

## ८) योजना, अनुगमन तथा बजेट सम्बन्धी

१. सेवा प्रवाहमा नागरिकको सुझाव संकलन र सुधारका प्रयास स्वरुप पालिकाको विकास र समृद्धिको लागि योजना तर्जुमाको क्रममा स्थानीय आवश्यकताको पहिचान गरी सरोकारवाला राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, विषय विज्ञ, विकास साझेदार, टोल विकास संस्था र युवा वर्ग लगायतसँग छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय सुझावका आधारमा योजना तर्जुमा गरिने छ ।

गढवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गढवा, दाङ, लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

२. दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी गाउँपालिकाको योजना, बजेट तथा कार्यक्रममा समावेश गरी स्रोतको व्यवस्थापन र कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।
३. नेपालको संविधान, संघ तथा प्रदेशबाट जारी विद्यमान नीति तथा कानूनी व्यवस्था, विगतमा भएका योजनाहरुको कार्यान्वयनको समिक्षा, बदलिदो विश्व परिवेशमा आधारित भई योजना तर्जुमा गरिने छ ।
४. विभिन्न चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त भएको नतिजा, सुझाव तथा सल्लाहलाई पृष्ठपोषणको रुपमा लिई आवश्यकता अनुरुप सुधार गरिने छ ।
५. उपभोक्ता समिति तथा टोल विकास संस्थालाई योजना सञ्चालन, प्रचलित ऐन कानूनको पालना र योजना फरफारक सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
६. उपभोक्ता समिति तथा टोल विकास संस्थालाई सहजता तथा एकरुपताका लागि योजना पुस्तिका प्रयोगमा ल्याइने छ ।

## ९) भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाशिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी आयोजना बैंक तयार गरिने छ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
२. दिर्घकालिन लगानी मार्ग दर्शनका नागि गाउँपालिकाको सडक गुरुयोजनालाई कार्यान्वयनमा ल्याइनेछ ।
३. आवासको हकलाइ सुनिश्चत गर्न अति विपन्न, असहाय, अशत नागरिकहरुको सुरक्षित आवास योजना कार्यान्वानलाई निरन्तरता दिइने छ ।सो कार्यको लागि अन्य साझेदार संस्थाहरुसँग समेत साझेदारी गरिने छ ।
४. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
५. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न कमागत रूपमा बजेट विनियोजन गरिनेछ ।
६. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुंजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

राम नारायण शर्मा पोखेल
अध्यक्ष

७. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
८. गाउँपालिकाभित्र भु-उपयोग नीति लागु गर्दै गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी बस्ति विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा बस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ साथै कुमाल गाउँ बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिईने छ ।
९. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।
१०. गाउँपालिकाको स्वामित्वमा रहेका भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गर्नका लागि मर्मत संभार कोषको स्थापना गरिनेछ ।
११. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचनाको लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी औचित्यका आधारमा कार्यान्वयन गरिनेछ ।
१२. पूर्वाधारका योजना निर्माण तथा संचालनमा निजि क्षेत्र, सामुदायिक वन उपभोक्ता समिति र विभिन्न संघ संस्थाहरुसँगको साझेदारिमा विभिन्न योजना तयार गरि कार्यान्वयन गरिने छ ।
१३. गढवा गाउँपालिकाको ऐतिहाँसिक पहिचान स्थापना गर्न स्थानीय सडकहरुको नामाकरण गरिने छ ।

## १०) सहकार्य र समन्वय सम्बन्धी

१. स्थानीयस्तरमा सक्रिय राजनैतिक दलहरुसँग समन्वय र सम्पर्क गरि संघ र प्रदेशबाट गढवा गाउँपालिकामा संचालन भईरहेका विकास योजनाको शिघ्र सम्पन्न हुने वातावरण निर्माण गर्ने र नयाँ बजेट तथा कार्यक्रम ल्याउन साझा प्रयास गर्ने नीति लिईनेछ।
२. गढवा गाउँपालिका र छिमेकी पालिकाहरुबिचको सिमना विवाद सम्बन्धीत स्थानीय सरकारहरु तथा सक्रिय राजनैतिक दलसँगको समन्वय र सहकार्यमा समाधान गरिनेछ ।
३. फोहरमैला व्यवस्थापन, गढवा बजार लगायतका बजारहरु व्यवस्थापन, पालिकाको आन्तरिक आय वृद्धि गर्न करका दायरा विस्तार गर्ने र नदीजन्य पदार्थ व्यवस्थापन गर्ने सन्दर्भमा गाउँपालिका, राजनीतिक दल, संघस्थाहरु तथा सरोकारवाला बीच समन्वय र सहकार्य गरि व्यवस्थापन गर्ने नीति लिईनेछ ।

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

४. छिमेकी पालिकाहरुसँग विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, असहाय मानव व्यवस्थापन योग ध्यान केन्द्र जस्ता साझा विकासका पूर्वाधार निर्माणका लागि समन्वय र सहकार्य गरिनेछ ।

५. खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, टोल विकास संस्था लगायतका सामाजिक संस्थाहरुको सहकार्यमा स्वच्छ गढवा, स्वस्थ गढवाबासी सरसफाई अभियान संचालन गरिने छ ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष